ISSN : 2773-790X JOURNAL OF GURUBABA VOL. 7 NO.1 NOVEMBER 2025

# विद्यालय सुधार योजना र विद्यालय सुधारको अवस्था

माया थापा
maya.thapaskt@gmail.com
सुर्खेत बहुमुखी क्याम्पस, वीरेन्द्रनगर सुर्खेत

**सार**

*विद्यालय सुधार योजना र विद्यालय सुधारको अवस्था शीर्षकमा तयार गरिएको छ । शिक्षामा परिवर्तन गर्नका लागि शैक्षिक विकेन्दिकरणको शुरुवात भएको हो । स्थानीय समुदायको सक्रिय सहभागितामा सीमित स्रोत र साधनबाट विद्यालयको वर्तमान स्थिति सुधार गर्ने महत्वपूर्ण दस्तावेजको रुपमा विद्यालयहरुमा विद्यालय सुधार योजनालाई लिइन्छ ।*

*यस अध्ययनसँग सम्बन्धित साहित्य, रचना, सिर्जना, शिक्षासँग सम्बन्धित ऐन तथा नियमहरुको समीक्षा, व्याख्या तथा विश्लेषण गरिएको छ । शैक्षिक व्यवस्थापनका आधुनिक सिद्धान्तहरुको व्याख्या तथा विश्लेषण गरिएको छ । यसै क्रममा शैक्षिक योजनाको रुपमा विद्यालय सुधार योजनालाई लिइएको छ । विकेन्द्रिकरण अवधारणा अनुसार विद्यालयको विकासको लागि विद्यालय सुधार योजना निर्माण तथा त्यसको प्रभावकारी कार्यान्वयनका लागि स्थानिय समुदायको सक्रियता, जिम्मेवारी बाँडफाँड तथा स्वःमूल्याङ्कन गर्नुपर्छ भन्ने कुरामा जोड दिइएको छ ।*

**मुख्य शब्द** : स्थानीय, सिर्जना, शैक्षिक व्यवस्थापन, विकास, जिम्मेवारी

## परिचय

सरकारले शिक्षाको अवसरबाट कुनैपनि बालबालिकाले बञ्चित हुन नपरोस् तथा गुणस्तरीय शिक्षाको माध्यमबाट उनीहरुको भविष्य सुनिश्चित होस् भन्ने उद्देश्यले राज्यका स्रोतहरुलाई शिक्षाको विकासमा प्राथमिकता दिई लगानी गरेको छ । यसको ज्वलन्त उदाहरणको रुपमा देशको कुल वार्षिक बजेटको १७.१ प्रतिशत शिक्षामा छुट्याइएको बाट पनि प्रष्ट हुन्छ । यसका साथै नेपाल सरकारले राष्ट्रिय तथा अन्तराष्ट्रिय मञ्चमा व्यक्त गरेका सबैका लागि शिक्षा हाम्रो सामुहिक प्रतिवद्धतालाई मुलमन्त्र ठानी विभिन्न कार्यक्रम कार्यक्रम र नीति अगाडी सारेको छ । हाम्रो जस्तो विविध साास्कृतिक, भौगोलिक बिकटता भएको मुलुकमा छरिएर रहेका र मुल प्रवाहमा आउन नसकेको दलित, महिला, पिछडिएका जनजाति जस्ता विभिन्न समुहहरुको आवश्यकतालाई सम्बोधन गर्न केन्द्रिय निकायको प्रयासबाट मात्र सम्भव हुन सक्दैन । यस कार्यलाई स्थानिय निकाय र समुदायको सकिय साझेदारीबाट धेरै हदसम्म सहज बनाउन सकिन्छ भन्ने कुरा विगतका अनुभवहरुबाट प्रष्ट भइसकेको छ । स्थानिय निकायलाई आवश्यकता स्रोत र साधन उपलब्ध गराई उनीहरुकै सकिय साझेदारीमा योजना निर्माणदेखि कार्यन्वयन

ISSN : 2773-790X JOURNAL OF GURUBABA VOL. 7 NO.1 NOVEMBER 2025

र अनुगमन सम्मको अधिकार निक्षेपण गरि स्थानिय आवश्यकता र चाहना अनुसारको कार्यक्रम निर्माण र कार्यान्वयन हुन सकोस् हुन भन्ने उद्देश्यले नेपाल सरकारबाट विभिन्न रणनिति, कार्यक्रमहरु तयार गरि कार्यान्वयनको क्रममा रहेका छन् ।

नेपालको शैक्षिक योजनाको सबैभन्दा तल्लो निकाय विद्यालयलाई मानिएको छ । विद्यालय सुधार योजना भनेको विद्यालयमा बनाइने समयावधिक योजना हो । विद्यालयका सरोकारवाला सबैले छलफल तथा समन्वय गरी निश्चित अवधि ५ वर्षको लागि सक्रिय सहभागितामा बनाइने योजनालाई विद्यालय सुधार योजना भनिन्छ । स्थानिय आवश्यकता, चाहना र प्राथमिकता प्रतिनिधित्व हुने गरी विद्यालयमा प्रभावकारिता सुनिश्चित गरि अघि बढ्ने अभिप्रायले विद्यालय सुधार योजनाको थालनी भएको पाइन्छ । विद्यालय सुधार योजना भनेको विद्यालयलाई बदलिदो परिस्थितिको माग मुताविक विद्यार्थीहरुको पहुँच सिकाइ उपलब्धिमा सुधार ल्याउन तयार गरिने रणनैतिक योजना हो (अर्याल, २०६७) ।

शैक्षिक अवसरको विस्तार गर्न विद्यालय सुधार योजनाको आवश्यकता पर्दछ । यसले विद्यार्थीका विविध चाहना तथा आवश्यकता बमोजिम शिक्षा प्रदान गर्न सक्ने गरी विद्यालयको विकास गर्दछ । विद्यालयमा देखिएका विविध किसिमका शैक्षिक जटिलता हटाउन पनि यस सुधारको महत्वपूर्ण पक्ष रहेको देखिन्छ । स्थानीय समुदायका विद्यार्थीहरुको आकांक्षा विद्यालयबाट पूरा गर्न सकिन्छ भने बालकेन्द्रित विद्यालयको वातावरण निर्माण गर्न पनि यस योजनाको महत्वपूर्ण पक्ष रहेको मान्न सकिन्छ । त्यसैगरी केन्द्रीय सरकारको आर्थीक भार कम गर्न, शिक्षा प्रणाली तथा विद्यालयको आन्तरिक र बाह्य सक्षमतामा वृद्धि गर्न त्यस्तै न्यूनतम् स्रोत साधनको अधिकतम् उपभोग गरी उपलब्धि हासिल गर्न पनि यस विद्यालय सुधार योजनाको महत्वपूर्ण पक्ष मानिन्छ ।

शिक्षा प्राप्ति गर्ने थलो मध्येको बलियो आधार विद्यालय हो । विद्यालयको समग्र पक्षमा विकास गर्न सरोकारबालाहरुद्धारा स्थानिय आवश्यकता, रुचि, क्षमता र स्रोत साधनले भ्याउने गरि योजना बनाई कार्यान्वयन गर्नु आजको ट्डकारो आवश्यकता हो । यसका लागी विद्यालय सम्बद्ध पक्षहरुले पहलकदमी बढाउनु पर्ने हन्छ । विद्यालयले सुधार तर्फ लम्किन आफ्नो पहिचानका साथ सुधारिएको अवस्थामा पुगी प्रतिफल हासिल गर्न प्रतिवद्धता सहित योजना बनाउनु पर्दछ । केन्द्रिय तवरले निर्माण गरिएका योजनाहरु माथिल्लो स्तरबाट थोपरीएको महसुस गरिन्छ । यस्ता खाले योजनाले स्थानीय आवश्यकता स्रोत साधनको अवस्थालाई बुझ्ने प्रयत्न गरि समेटिएको पाइदैन र विकेन्द्रीकरणको आधारमा कार्य विभाजनको अनुभुति नहुने भएकोले योजना कार्यान्वयन गर्न गाऱ्हो हुन्छ । योजनावद्ध ढङ्गमा शैक्षिक व्यवस्थापन गरि शैक्षिक सेवा प्रभावकारी सफलतापुर्वक सञ्चालन गर्न विद्यालयले योजना निर्माण

ISSN : 2773-790X JOURNAL OF GURUBABA VOL. 7 NO.1 NOVEMBER 2025

कार्यान्वयन गर्नुपर्दछ । यस सन्दर्भमा योजनाको अर्थ तथा परियोजनाबाट विद्यालय व्यवस्थापन हुने, प्रतिफल हासिल गर्न सकिने, धारण बुझ्न सकिन्छ ।

सन् १९९० मा सबैका लागी शिक्षा घोषणा पत्र थाइल्याण्डको जोम्टिनमा भएको सम्मेलनबाट प्रस्तुत भएको थियो । सो कार्यक्रमलाई पुरा गर्न विद्यालय सुधार योजना शैक्षिक विकासको प्रारम्भिक जग भएको मान्न सकिन्छ । जुन गुणस्तरिय शिक्षा उत्पादनका लागी अस्त्रको रुपमा लिन थालिएको छ । विद्यालय सुधार योजनामा आवश्यक प्रगतिनका विभिन्न सुचकहरुलाई औल्याएर विश्लेषणका साथ सुधारात्मक कार्यलाई अघि बढाउन सकिन्छ । विद्यालय, समुदायको विवरण अन्तर्गत विद्यालयको अवस्थिति, विद्यालय सेवा क्षेत्रको पहिचान, विद्यालय सेवा क्षेत्रको समुदायसँग सम्बन्धित विवरण र विद्यालय सँगमात्र सम्बन्धित विवरण जुन केही सुचकसँग सम्वन्धित छन् । विद्यालयको संक्षिप्त इतिहास, विद्यार्थी सम्वन्धि विवरण, विधार्थीको भर्ना विवरण, कक्षा दोहोऱ्याउने, छोड्ने, उर्तिणदर, विद्यालयको विषयगत तथा कक्षागत सिकाईको औषत उपलब्धि, त्यस्तै शिक्षक सामग्री, विद्यालयको भौतिक अवस्था, शैक्षिक सामाग्री, आम्दनी र खर्च विवरण समेटिएका हुन्छन् भने मुख्य मुद्धा तथा समस्या, आवश्यक कार्यको प्राथमिकता निर्धारण, स्रोतहरुको पहिचान र विश्लेषण, विद्यालयको स्पष्ट दृष्टिकोण, विद्यालयका उद्देश्य कार्यक्रम एवम् रणनिति, लक्ष्य तथा सुचकको निर्धारण, कार्यक्रम तथा बजेट जस्ता तथ्यहरु समावेश भएको हुन्छ ।

नेपालको शिषा विकास सम्बन्धी योजना होस् अथवा आयोगका समिति आदि सम्पूर्णले निर्धारण गरेका शैक्षिक नीतिहरु, उद्देश्य, संरचना सम्पूर्ण पक्ष तत्कालनि राजनीतिसँग प्रत्यक्ष रुपमा प्रभावित भई राष्ट्रको दूरगामी लक्ष्य प्रेरित नभई अर्थात शिक्षालाई विश्व परिवेशको वैज्ञानिकता एवम् प्राविधिकतासँग आबद्ध नगरी जहिले पनि राजनैतिक शासक एवम् दलहरुको आफ्नै दर्शन अनुरुपको शिक्षामा जोड दिने र त्यसै प्रकारले मूल्यांकन गर्ने परम्परा रही आएको छ । राष्ट्रिय शिक्षा योजना आयोग २०१० भन्दा अघिको शिक्षा विकासको कार्यक्रमहरु, नीतिहरु स्पष्ट रुपले विज्ञानमा आधचारित नभई विषयगत आधारमा तयार नहुञ्जेल कायम रहयो । त्यसपछि शिक्षालाई योजनाबद्ध रुपमा विकास गर्ने सवालमा भएका प्रयासहरुमा राजनैतिक प्रभाव, आन्दोलनका नामले राजनैतिक स्वार्थले प्रेरित भई व्यवस्था अनुकूलता, राष्ट्र, राष्ट्रियता तथा सामाजिक आवश्यकताका आधारमा अन्तर्राष्ट्रिय रुपमा देखिएको ध्रुवीकरण एवम् विभिन्न दर्शनको प्रभाव, विज्ञान र प्रविधिको विकास र प्रयोगले शिक्षा विकासको यायेजनालार्य प्रभाव पार्दै आएको पाईन्छ । समग्रमा नेपालको शैक्षिक विकास योजनाको आगमनवाद, समावेशीता र मिथ्यावादका आधारमा मूल्यांकन गर्न सकिन्छ भन्ने कुरा उल्लेख भएको र जुन यस शोधमा आवश्यक देखिएकोले समीक्षा गरिएको छ (सिंह,२०६८) ।

ISSN : 2773-790X JOURNAL OF GURUBABA VOL. 7 NO.1 NOVEMBER 2025

योजना भनेको उपलब्ध साधनको प्रभावकारी उपायोगद्धारा तोकिएको निश्चित समयभित्र निर्धारित उद्धेश्य हासिल गर्ने एउटा अनुसशासित कार्यपद्धति हो । नेपालमा योजनाबद्ध विकासको सुरुवात वि.सं २०१३ बाट भएको हो । हालसम्म ११ वटा आवधिक योजनाहरु सम्पन्न भइसकेका छन् भने १२ औं योजना कार्यान्वयनको क्रममा रहेको छ । योजनाबद्ध विकासको यस अवधिमा विकास प्रक्रियाले अपेक्षित गति लिन नसकेतापनि यस अवधिमा देशको आर्थिक, सामाजिक क्षेत्रमा प्रशस्त प्रगति भएको छ । यद्यपि विकासको प्रतिफललाई तल्लो तहसम्म पु¥याइ दीगो विकासको लक्ष्य हासिल गर्नुपर्ने चुनौतिमा विद्यमान रहेको भन्ने कुरा उल्लेख भएकोले यस शोधका लागि समीक्षा गरिएको छ (राउत, २०६८) ।

विद्यालय सुधार योजनाले विद्यालयको चौतर्फी विकास गर्न गतिविधी सञ्चालन गरिएबाट विद्यालय सुधार योजना कार्यान्वयन पुर्वको विद्यालय स्थिति र विद्यालय सुधार योजना निर्माण पश्चात कार्यान्वयनबाट के-कस्तो प्रभाव पा¥यो ? कस्तो प्रतिफल प्राप्त भयो ? र निर्धारित उद्देश्य पुरा हुने कस्ता लक्षण देखिए ? यी सबै पक्षको लेखाजोखा गरिनु आवश्यक छ । यसरी विद्यालय सुधार योजना पद्धति लागु भएकोले शैक्षिक विकासको आधार बलियो बन्दै अघि बढिरहेको अवस्थालाई सन्तोषजनक रुपमा लिन सकिन्छ । स्थानीय आवश्यकता, समस्या, स्रोत साधन र जनसहभागितालाई समेटि निर्माण गरि सञ्चालन गरिने योजनाको महत्व भैरहेकोले शैक्षिक विकासको जग आधार स्तम्भ खडा गर्न विद्यालय सुधार योजना निर्माण गरि कार्यान्वयन गरिनु पर्नेमा सरकारी तथा स्थानिय आकाक्षा अनुरुप कार्य सम्पादन हुन नसकिरहेको सत्यतालाई अध्ययन गरिएको छ ।

## उद्देश्य

यस अध्ययनका उद्देश्य विद्यालय सुधार योजनाको निर्माण र कार्यान्वयनको स्थिति पहिचान गर्ने, विद्यालय सुधार योजना कार्यान्वयनमा देखिएका समस्या प्रस्तुत् गर्ने र समस्या समाधानका उपायहरु सुझाउने ।

## अध्ययन विधि

यस अध्ययनमा सुर्खेत जिल्लाको वीरेन्द्रनगर नगरपालिका अन्तर्गतका ८ वटा माध्यमिक विद्यालयमा विद्यालय सुधार योजना कार्यान्वयन गरि विद्यालय सुधारमा पारेको प्रभाव पत्ता लगाउनुका लागी शोधकर्ता स्वयम् अध्ययन क्षेत्रमा उपस्थिति भई स्थलगत अध्ययन प्रश्नावली अर्न्तवार्ताको माध्यमबाट प्राथमिक तथ्याङ्क संकलन गरिएको छ भने अध्ययन कार्यलाई पुरा गर्न अध्ययनका लागि आवश्यक बिवरण तथ्याङ्क, अभिलेख, सुचना तथा जानकारी, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, प्रधानाध्यापक, शिक्षक, अभिभावक शिक्षक संघका अध्यक्ष, अभिभावक, विद्यार्थीहरुबाट समेत द्धितीयक तथ्याङ्क संकलन गरी निश्चित अनुसन्धानात्मक ढाँचामा रही पुरा गरिएको छ । गुणात्मक र परिमाणात्मक ढाँचामा यो अध्ययन विश्लेषण गरिएको छ ।

ISSN : 2773-790X JOURNAL OF GURUBABA VOL. 7 NO.1 NOVEMBER 2025

## तथ्याङ्कहरुको व्याख्या र विश्लेषण

### विद्यालय सुधार योजना निर्माण र कार्यान्वयनको स्थिति

विद्यालय सुधार योजनाले विद्यालय सुधारमा पारेको प्रभाव सुर्खेत जिल्ला वीरेन्द्रनगर नगरपालिकामा आधारितका लागि छनौटमा परेका विद्यालयका प्रधानाध्यापक, शिक्षक, वि.व्य.स.अध्यक्ष, शि.अ. संघ अध्यक्षबाट प्राप्त सुचनालाई प्रस्तुत गरिएको छ । अध्ययनको क्रममा प्रधानाध्यापकसँग स्रोतको उद्देश्य अनुसारको प्रश्नावली सोधिएको थियो ।

विद्यालय सुधार योजना विद्यालयको क्रमबद्ध विकासको लागि महत्वपूर्ण छ । विद्यालयका प्रधानाध्यापक तथा वि.व्य.स. अध्यक्षलाई विद्यालय सुधार योजना निर्माण तथा कार्यान्वयनको लागि क्षमता अभिवृद्धि तालिममा विद्यालयमा विद्यालय सुधार योजना निर्माण पश्चात् कार्यान्वयन चुनौतिको रुपमा पाइएको छ । विद्यालय सुधार योजना निर्माणमा वि.व्य.स.अध्यक्ष, अभिभावक, सरोकारवाला सबैलाई सहभागी बनाउनु पर्दछ तर कतिपय विद्यालयले प्रधानाध्यापक, शिक्षकको एकल प्रंयासमा मात्रै निर्माण गरेको पाइन्छ ।

सामाजिक माग उपागम अनुसार योजना निर्माण गर्दा त्यस योजनासँग गर्दा त्यस योजनासँग सम्बन्धित समुदायका मानिसलाई सहभागिता र कार्यान्वयनको लागि समन्वय गर्नुपर्छ । प्राप्त तथ्याङ्कलाई आधार लिने हो भने सोतर्फ पहल गरिए पनि पूर्ण रुपमा कार्यान्वयन भएको देखिएन । विद्यालयहरुको लागि योग्य जनशक्ति आवश्यक पर्दछ । यसको विकासका लागि विद्युालयमा निमित्त विद्यालय सुधार योजना कार्यान्वयनमा सरोकारवाला एकीकृत रुपमा देखिएका छैनन् । यसबाट व्यवस्थापनको सिद्धान्त सम्पूर्ण गुणस्तीय व्यवस्थापनको उपयोग गर्न सकेको देखिएन । लामो योजनालाई एकैचोटि कार्यान्वयन गर्न नसकिएमा क्रमशः गर्दै जानुपर्दछ तर छनोटमा परेमा विद्यालयहरुमा यस कुराको ख्याल गरेको पाइएन । उद्देश्यसहितको व्यवस्थापनअर्न्तगत विद्यालय सुधार योजना निमाण गर्नुपर्दछ तर विद्यालयमा नियर्मित विद्यालय सुधार योजनामा उद्देश्य अनुसार योजना निर्माण गरेको देखिएन । त्यसैगरी अध्ययन क्षेत्रमा आधारित व्यवस्थापन अर्न्तगत गाउँ, टोल, समुदाय, क्षेत्र स्थानको अवलोकन गरी त्यस ठाउको आवश्यकता बमोजिम विद्यालय सुधार योजना निर्माण भएको पाइएन । अतः सबै विद्यालयले विद्यालय सुधार योजना निर्माण गर्दा सरोकारवाला सबैलाई सहभागी गराएर उद्देश्य छनोट गरी सोही उद्देश्यमा केन्द्रित रहेर योजना निर्माण गर्नुपर्दछ । त्यति मात्र होइन योजना गुणस्तरीय र व्यवस्थित हुनुपर्छ । योजनामा गुणस्तरीयता भएन भने उपलब्धि शुन्य हुन्छ । त्यसैले अध्ययन गरी समुदायको चाहना अनुसार विद्यालय सुधार योजना निर्माण गर्नु पर्दछ ।

ISSN : 2773-790X JOURNAL OF GURUBABA VOL. 7 NO.1 NOVEMBER 2025

**विद्यालय सुधार योजना कार्यान्वयनमा प्रभाव पार्ने तत्वहरुको विश्लेषण**

यस अध्ययन क्षेत्रमा पूरा गर्नको लागि तथ्याङ्क संकलन गर्ने क्रममा छनोटमा परेको विद्यालयका प्रध्यानाध्यापकलाई प्रश्नावली प्रदान गरिनुका साथै अन्तरक्रिया पनि गरिएको थियो । उक्त प्रश्नावलीबाट प्राप्त उत्तर एवम् अन्तरक्रियाबाट प्राप्त निष्कर्ष अनुसार विद्यालय सुधार योजनासम्बन्धि ज्ञानको अभाव, भेलामा बोलाइएका व्यक्तिहरुको न्यून सहभागिता, छलफलमा निष्कर्ष अर्थात् अन्तिम समयसम्म सरीक नहुनु, विद्यालय सुधार योजना निर्माण विद्यालयको मात्र जिम्मेवारी हो भन्ने बुझाई, आर्थिक स्रोतको पहिचान गर्न नसक्नु, विभिन्न सरकारी, गैरसरकारी संघसस्थालाई सहभागी गराउनु नसक्नु, दातृ संस्थाको सहयोगको अपेक्षामा योजना निर्माण गरिनु, महत्वाकांक्षी योजना निर्माण हुनु चरणबद्ध तथा प्रक्रियागत ढंगमा कारबाही अगाडी बढ्नु नसक्न, सही तथ्याङ्क तथा सूचना विद्यालय अभिलेखबाट प्राप्त नहुनु, उपस्थित आगन्तुक छलफल बीचबाट बाहिरिनु, सरकारी तथा गैरसरकारी संघसंस्थाको सहयोग अपेक्षाकृत न्यून हुनु, विद्यालयले उत्तरदायित्व बहन, पारदर्शितामा अविश्वास हुनु जस्ता रहेको पाइयो ।

विद्यालय सुधार योजना निर्माण र कार्यान्वयनका समस्याहरुको बारेमा अभिभावकसँग गरिएको प्रश्नावलीबाट विद्यालय र समुदायबीच सुसम्बन्ध स्थापना हुन नसकेको, अभिभावकमा चेतनाको अभाव, भेलामा सरोकारवालाको सहभागिता कम हुनु, भेलामा अभिभावकप्रति आयोजनाबाट कम चासो दिनु, अभिभावकमा विद्यालयप्रति अपनत्वको भावना नभएको, शिक्षक विद्यार्थीद्वारा सरोकारवालालाई सघाउन पूर्ण रुपमा पहल हुन नुसकेको, भेलामा केहि व्यवस्तताका कारण भेला कार्यक्रममा सहभागी नहुने र भए पनि निष्कर्ष निकाल्दासम्म सहभागी हुन नसकेको तथा वि.व्य.सं. अध्यक्ष सबै सरोकारवालालाई सहभागी गराउन नसकेको जस्ता समस्याहरु रहेको पाइयो ।

विद्यालय सुधार योजना निर्माण र कार्यान्वयनमा देखिएका समस्या सम्बन्धि वि.नि. सँग प्रश्नावली र अन्तरक्रियाको माध्यमबाट तथ्याङ्क संकलन गर्दा विद्यालय सुधार योजना निर्माण गर्न विद्यालयले पहल गरेको तर सरोकारवालाको उल्लेखनीय सरभागिता नभएको, विद्यालय सुधार योजना निर्माण भेलामा अभिभावक, शिक्षक, विद्यार्थी अन्तिम समयसम्म छलफलमा सहभागी नहुने गरेको, विद्यालयले सरोकारवालालाई विद्यालय सुधार योजनासम्बन्धि स्पष्ट धारणा दिन नसकेको, विद्यालयमा निर्माण हुने योजनामा समुदायको सहभागिता हुने प्रवृत्तिको विकास नभएको, विद्यालयको उत्तरदायीत्वको बहन तथा पारदर्शिताको कमीको कारण विद्यालयप्रति अविश्वास रहेकाले पूर्ण सहयोग हुन नसकेको, राजनैतिक पूर्वाग्रहले विद्यालय सुधार योजना निर्माणमा सक्रिय सहभागिता नभएको, समुदाय र विद्यालयका प्रधानाध्यापक बीच राम्रो सम्बन्ध नहुनु, विद्यालयले समुदायबाट अपेक्षा गरेको सहयोगको भूमिका पूरा नहुनु, विद्यालयको वि.नि. र अन्य सरकारी तथा गैरसरकारी संघसंस्थालाई आमन्त्रण गर्नमा कमजोरी

ISSN : 2773-790X JOURNAL OF GURUBABA VOL. 7 NO.1 NOVEMBER 2025

रहेको, समुदायका लागि विद्यालय र विद्यालयका लागि समुदाय भन्ने भावनाप्रति समुदायको ध्यान नजानु तथा विद्यालयमा अभिभावकद्धारा समयसमयमा निरिक्षण, कक्षा अवलोकन नगरिनुले विद्यालयको शिक्षण सिकाइ कार्य सन्तोषजनका नभएकोजस्ता चुनौतिहरु रहेको पाइयो ।

विद्यालय सुधार योजना निर्माण र कार्यान्वयनमा देखापरेका विविध समस्या तथा चुनौतिबारे वि.व्य.सं. अध्यक्षसँग गरिएको प्रश्नावलीबाट विद्यालयको उत्तरदायित्व बहन तथा पारदर्शिताको कमी, भेलामा विद्यालय सुधार योजना निर्माणसम्बन्धि विषयवस्तु स्पष्ट पार्न नसक्नु, समुदायलाई विद्यालयप्रति अपनत्वको भावनाको कमी, शिक्षकलाई तालिमको अभाव, समुदायबाट वि.व्य.स.लाई सकारात्मक रुपमा सहयोगको अभाव, विद्यालयको आर्थिक अवस्था कमजोर हुनु त्यस्तैगरी विद्यालय सुधार योजना कार्यान्वयनका लागि सरकारले पर्याप्त सहयोग नगर्नु, जनश्रमदानप्रति स्थानिय जनताको नकारात्मक भावना हुनु, विद्यार्थीको सख्याअनुसार सरकारले शिक्षक दरबन्दि उपलब्ध जानु, विद्यालय सुधार योजनाबारे समुदायलाई जानकारी नगराउनु र विद्यालय र समुदायबीच सुसम्बन्ध नहुनु आदि जस्ता चुनौतिहरु रहेको पाइयो ।

विद्यालय सुधार योजना निर्माण, प्रभाव र कार्यान्वयनमा समस्या र चुनौतिबारे शिक्षकलाई प्रश्नावली गर्दा भेलामा विद्यालय सेवाक्षेत्र भित्रको उपस्थिति न्यून हुनु, भेलामा छलफलको अन्तिम समयसम्म सहभागी नहुनु, सामुहिक भावनाको अभाव हुनु, कार्यान्वयनमा राजनैतिक पूर्वाग्रहका कारण समुदायबाट आवश्यका सहयोग नहुनु, विद्यालयले अभिभावकलाई आकर्षित गर्न नसक्नु, भेलामा व्यापक छलफल नगरिनु, तथा पर्याप्त स्रोत साधन आर्थिक एवम् अन्यको अभाव हुनु आदिजस्ता समस्याहरु रहेको पाइन्छ ।

यस्तै विद्यालय सुधार योजनाले विद्यालय सुधारमा पारेको प्रभाव र कार्यान्वयनमा देखिएमा समस्या र चुनौति सम्बन्धि अध्ययन गर्दा केही विद्यालयले प्रक्रिया पुऱ्याएर विद्यालय सुधार योजना निर्माण गरेका छन् भने केहि विद्यालयले वि.व्य.स., प्रधानाध्यापक बीचको छलफलबाट विद्यालय सुधार योजना निर्माण गरेका छन् । थोरै विद्यालयले मात्र विद्यालय सुधार योजना कार्यान्वयनमा ध्यान पुऱ्याएको पाइएको छ । धेरै जस्तो विद्यालयहरुले विद्यालय सुधार योजना कार्यान्वयनमा ध्यान दिएको पाइदैन । विद्यालय सुधार योजना दराजमा थन्काइएका छन् । विद्यालय सुधार योजनाको आवधिक समीक्षा हुने गरेको छैन । कार्यान्वयनका लागि सरोकारवालाबाट पनि पहल भएको छैन । विद्यालयहरुले चेतनाको कमीका कारण विद्यालय सुधार योजना निर्माण गर्ने सम्पूर्ण पक्षबारे अनुभव नभएको पाइयो । विद्यालय सुधार योजना निर्माणका लागि विद्यालयले पहलकदमी बढाएको, भेला बोलाएको भएता पनि छोटो समयका कारण सरकोकारवालामा संचार भएको हादैन । त्यस कारण भेलामा उल्लेखनीय सहभागीता पाइदैन ।

ISSN : 2773-790X JOURNAL OF GURUBABA VOL. 7 NO.1 NOVEMBER 2025

समुदायमा केही प्रभाव भएका व्यक्तिहरुले विद्यालय सुधार योजना निर्माणमा चासो लिएको हुन्छ । शिक्षक र विद्यार्थीले सामान्य सहयोगको भूमिका पूरा गरेको देखिन्छ । विद्यालय सुधार योजना निर्माणमा प्र.अ. को ठूलो भूमिका रहेको हुन्छ । वि.व्य.स., शि.अ.सं. द्वारा विद्यालय सुधार योजना निर्माणमा सहयोग भएता पनि लेखनसम्म उहांहरुको पूर्ण सहभागिता रहेको हुदैन । प्रधानाध्यापकले पत्राचारको साथै अन्य मानवीय पक्षको प्रयोग गरी भेलामा उल्लेख्य सहभागिता गराउन सकिएको देखिदैंन । विद्यालय सुधार योजना समयमा निर्माण हुन सकेको छैन । ढिलो गरी निर्माण भएका छन् । विद्यालय सुधार योजना सबै विद्यालयले कार्यान्वयन गर्न सकेका छैनन् । नगर शिक्षा कार्यालयको निर्देशनमा विद्यालय सुधार योजना बनाइ कार्यान्वयन गर्ने प्रयासमा निरन्तरता दिनुपर्दछ । सम्पूर्ण सरोकारवालाले जानकारी पाउने गरी भेलाको मिति र समय निर्धारण गरी सूचना गर्नुपर्दछ । सबै सरोकारवालाहरुको भेलामा सहभागिता गराउने प्रयास गर्नुपर्दछ । विद्यालय सबैको हो, यसको विकासमा सबैले चासो लिनु पर्दछ । सबैले आफ्नो कर्तव्य पूरा गर्नुपर्दछ भन्ने भावना सरोकारवालामा जगाउनु सक्नु पर्दछ । सबै सरोकारवालालाई निर्ष्कमा ननिस्कुन्जेलसम्म भेलामा सहभागी गराइरहनु पर्दछ । समयमा नै योजना निर्माण गर्नुपर्दछ । सरोकारवालाहरुको संलग्नताबाट निर्माण गरिएका योजनाहरु कार्यान्वयन गर्न सहज र सरल हुन्छ ।

**विद्यालय सुधार योजना कार्यान्वयमा देखिएका समस्या र चुनौती**

तथ्यांक संकलन साधनको प्रयोग गरि छनोटमा परेका जनसंख्याबाट प्राप्त तथ्याङ्कको आधारमा विद्यालय सुधार योजना कार्यान्वयनमा देखिएका समस्यालाई निम्नानुसार उल्लेख गरिएको छ :

**विद्यालय व्यवस्थापन समितिको असक्षमता**

शिक्षा ऐन २०२८ मा विद्यालयको रेखदेख, व्यवस्थापन र संचालनको पूर्ण जिम्मेवारी विद्यालय व्यवस्थापन समितिलाई दिए पनि प्राय सबै विद्यालय व्यवस्थपन समितिले यस अध्ययन क्षेत्रमा आफ्ना काम कर्तव्य र अधिकार अनुसार विद्यालयलाई सहि दिसामा पुऱ्याएको पाईन । प्रायजसो विद्यालय व्यवस्थापन समितिमा संस्थाको हित चाहने र योजनाबद्ध ढंगले विद्यालयलाई अगाडि बढाउने भन्दा पनि राजनैतिक दलको स्वार्थ केन्द्रित प्रवृति पाइयो । विद्यालयमा राम्रो मान्छे भन्दा हाम्रो मान्छे भन्ने गलत संस्कारको विकास भएको देखिन्छ । प्राय सबै विद्यालय व्यवस्थापन समितिलाई विद्यालय सुधार योजना किन बनाउने ? कसले बनाउने ? क कसको जिम्मेवारी हुने ? कसरी बनाउने ? कुराहरुको बारेमा केहि जानकारी नै नभएको पाइयो । विद्यालय व्यवस्थापन समितिमा रहने व्यक्तिहरु योग्यता, क्षमताको कमिका कारण प्राधानाध्यापक तथा शिक्षकको स्वार्थ अनुकुल चल्नु पर्ने बाध्यता देखियो ।

ISSN : 2773-790X JOURNAL OF GURUBABA VOL. 7 NO.1 NOVEMBER 2025

**सरकारको मुख ताक्ने प्रवृति**

शैक्षिक विकेन्द्रिकरणको अवधारण अर्न्तगत शिक्षा सम्बन्धि ऐन नियम, नीति र कार्यक्रममा समुदायलाई अधिकार सम्पन्न बनाईएको भएपनि यस अध्ययन क्षेत्रमा विद्यालयको विकास निर्माण गर्ने जिम्मा सरकारको हो भन्ने धारण पाईयो । जुन विद्यालय सुधार योजनाको आशय र उद्देश्य विपरित छ । विद्यालय हाम्रो हो र यसलाई बनाउने जिम्मा पनि हाम्रो नै हो भन्ने भावना विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक लगायत सरोकारवाला सबैमा कमि नै देखिन्छ । बरु सरकार तथा विभिन्न संघ संस्थाहरुबाट प्राप्त अनुदानको दुरुपयोग भई रहेको पाईन्छ ।

**विद्यालय सुधार योजना कार्यान्वयनमा आर्थिक अभाव**

अध्ययन क्षेत्रमा विद्यालय सुधार योजना आफ्नो आवश्यकता र बजेटको उचित लेखाजोखा नगरि निर्माण हुने गरेको पाईयो । जसको परिणाम स्वरुप आर्थिक अभाव हुने पाईयो । उक्त योजनाहरु बढि महत्वाकांक्षी बन्ने र कार्यान्वयनमा पहल नहुने तथा आर्थिक अभावले विभिन्न कठिनाई सृजना भएको पाईयो ।

**विद्यालय सुधार योजना कार्यान्वयनमा अभिभावकलाई सहभागी नगराउनु**

अध्ययन क्षेत्रमा विद्यालय सुधार योजना निर्माण कार्यान्वयनमा अभिभावकलाई सहभागि नगराईएको पाईयो । राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०४९ का अनुसार विद्यालयले स्थानिय सरोकारवालाको सहभागिता र समन्वयको आधारमा विद्यालय सुधार योजना निर्माण गरि कार्यान्वयन गर्नु पर्ने भनि उल्लेख भएता पनि अध्ययन क्षेत्रमा त्यस अनुसार नभएको पाईयो ।

**विद्यालय सुधार योजना कार्यान्वयनमा उत्तरदायित्व तथा पारदर्शिताको अभाव**

अध्ययन क्षेत्रमा विद्यालय सुधार योजना निर्माणका लागि मुख्य जिम्मेवार व्यक्तिमा उत्तरदायित्व बोधको कमि पाईयो । त्यस्तै कार्यक्रम संचालन गर्दा शैक्षिक, आर्थिक क्षेत्रमा पारदर्शिताको पनि अभाव पाईयो । पारदर्शिताको कमिले समुदाय र अभिभावकमा विद्यालयप्रति नकारात्मक भावना पैदा भएको पाईयो ।

**समाधानका उपाय**

अध्ययनको क्रममा छनोटमा परेका विद्यालयसँग सरोकारवाला प्रधानाध्यापक, वि.व्य.स.अध्यक्ष, शिक्षक, विद्यार्थीसँग लिएको प्रश्नावली, अनुसन्धान विद्यालय सुधार योजना निर्माण र कार्यान्वयनमा देखिएका समस्या समाधान गर्ने उपाय विद्यालय सुधार योजना निर्माण र कार्यान्वयनमा देखिएका समस्या समाधानका उपायहरुको बारेमा प्रधानाध्यापकद्धारा व्यक्त गरिएका धारणा अनुसार विद्यालय सुधार योजना निर्माणको लागि सरोकारवालाहरु धेरै सहभागी हुने गरी पत्राचार गरी भेलाको आयोजना गर्नुपर्दछ ।

ISSN : 2773-790X JOURNAL OF GURUBABA VOL. 7 NO.1 NOVEMBER 2025

विद्यालय सुधार योजना निर्माण गर्दा समस्या पहिचान तथा प्राथमिकता निर्धारणमा सरोकारवाला प्रधानाध्यापक, शिक्षक, सरकारी गैरसरकारी संघसंस्थाका प्रतिनिधि तथा विद्यार्थी, अभिभावक, वि.व्य.स. सबैलाइ सक्रिय सहभागी गराउनु पर्दछ । विद्यालय सुधार योजना निर्माणका लागि स्टेशनरीको पूर्ण व्यवस्था मिलाउनु पर्दछ । आर्थिक स्रोत जुटाउनका लागि स्थानीय स्रोत साधनको अधिकतम उपयोगको योजना विद्यालय सुधार योजनामा समाबेश गरिनु पर्छ । स्थानिय राजनैतिक दलका प्रतिनिधिहरुलाई समेत सहभागि गराउनु पर्दछ । वार्षिक कार्ययोजना, अनुगमन योजना बनाइ विद्यालय सुधार योजना कार्यान्वयन गर्नुपर्छ, स्थानीय समुदायलाई परिचालनको लागि विद्यालयले विशेष पहल गर्नुपर्दछ । प्रधानाध्यापक, अन्य शिक्षक एकतावद्ध भई सक्रिय हुनुपर्दछ । वि.व्य.स., शि.अ.सं. तथा अन्य निकायको विद्यालय सुधार योजना कार्यान्वयनका लागि भूमिका किटानी गरिनु पर्दछ । विद्यालय सुधार योजना कार्यान्वयन मूल्याङ्कनको स्पष्ट भूमिका दिनुपर्दछ । विद्यार्थीलाई विद्यालय सुधार योजना निर्माण तथा कार्यान्वयनका विभिन्न कार्यमा सहभागी गराउनु पर्दछ । विद्यालय सुधार योजना अनुसार खर्च गर्न पाउने गरी सरकारले वार्षीक निश्चित रकम प्रदान गर्नुपर्दछ । प्रजातान्त्रिक नेतृत्व शैलीअनुसार नेतृत्व लिने व्यक्तिले निर्णय तथा योजना प्रक्रियामा सरोकारवाला सबैको धारणा र भावनाको कदर गर्नुपर्दछ ।

अध्ययनको क्रममा छनोटमा परेका विद्यालयका विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरुसँग प्रश्नावली गरी विद्यालय सुधार योजना निर्माण र कार्यान्वयनमा देखिएका समस्या समाधानका लागि विद्यालयमा विद्यालय सुधार योजना निर्माणको लागि अभिभावका तथा सरोकारवालाको प्रतिबद्धतासहित व्यापक अन्तरक्रिया गरिनु पर्दछ । विद्यालय सुधार योजना निर्माणमा विद्यार्थीहरुलाई सहभागी गराउन सकेमा कार्यान्वयनमा पनी उनीहरुलाई उपयोग गर्न सकिन्छ । समुदायका मानिसलाई पनि विद्यालयप्रति सहयोग गर्ने भावनाको विकास गराउनु पर्छ । विद्यालयले पनि विद्यालय सुधार योजना निर्माणको लागि आवश्यक प्राविधिक जनशक्ति जुटाउन सक्नु पर्छ । व्यवस्थापन समिति गठनमा पनि समाबेशीकरण गर्न सक्नुपर्दछ । विद्यालय व्यवस्थापन समिति तथा शि.अ.सं. बाट प्रतिनिधित्व हुने गरी विद्यालय सुधार योजना कार्यान्वयन सुझाव समिति गठन गर्नुपर्दछ । शैक्षिक नेतृत्वको दृष्टिले प्रधानाध्यापकले तथा अन्य सहयोगीको दृष्टिले शिक्षकले सक्रियता देखाउनु पर्दछ । वि.व्य.स. बैठकमा भत्ताको व्यवस्थापन गर्न सकेमा पदाधिकारी नियमित बैठकमा भत्ताको व्यवस्थापन गर्न सकेमा पदाधिकारी नियमित बैठकमा बस्ने परिपाटि स्थापना भई विद्यालय सुधार योजना कार्यान्वयनमा महत्वपूर्ण सहयोग मिल्छ ।

अध्ययनको क्रममा छनौटमा परेका विद्यालयहरुमा कार्यरत शिक्षकहरुसँग विद्यालय सुधार योजनाले विद्यालय सुधारमा पारेको प्रभावमा देखिएका समस्याको समाधानका उपायहरुबारे प्रश्नावली तथा अन्तरक्रिया गरिएको थियो । उहाँहरुका अनुसार समस्या समाधानका लागि विद्यालय सुधार योजना

ISSN : 2773-790X JOURNAL OF GURUBABA VOL. 7 NO.1 NOVEMBER 2025

निर्माण गर्दा सम्पूर्ण अभिभावक तथा सरोकारवालाहरुलाई कम्तीमा पांच दिन अगाडी विषयवस्तु खुल्ने गरी पत्राचार र सूचना गरिनु पर्दछ । विद्यालय सुधार योजनामा शिक्षकको मनोबल बढाउने र हौसला दिने खालका कार्यक्रम समेटिनु पर्दछ । विद्यालय सुधार योजना विद्यालयको सर्वाङ्गीण विकासका लागि अपरिहार्य दस्तावेज हो भनी जनसाधारणलाई वि.व्य.स.मार्फत प्रशिक्षित गराउनु पर्दछ । विद्यालयहरुले आफ्नो शैक्षिक पक्षलाई जनताका अपेक्षा अनुसार सञ्चालन गर्नुपर्दछ । बिद्यालय सुधार योजनामा राखिएका कार्यक्रम वस्तुनिष्ठ हुनुपर्दछ । दिगो आर्थिक स्रोतका लागि समुदायसँग सहकार्य हुन आवश्यक छ । विद्यार्थी सख्या अनुसार शिक्षकको व्यवस्था सरकारले गरिदिनु पर्दछ निरन्तर रुपमा विद्यालयको सुपरिवेक्षण गरिनु पर्दछ ।

अध्ययनको कममा वीरेन्द्रनगर नगरपालिका अर्न्तगत छनौटमा परेका विद्यालयमा अध्ययनरत विद्यार्थीहरुसँग विद्यालय सुधार योजनाले विद्यालय सुधारमा पारेको प्रभावमा देखिएका समस्याहरुका उपायहरुका वारेमा प्रश्नावली गर्दा विद्यालय सुधार योजना निर्माण गर्दा, विद्यार्थीहरुको सहभागिता सुनिश्चित गरिनु पर्दछ । विद्यालय सुधार योजनामा समावेश गरिएका कार्यक्रमबारे विद्यार्थीलाई जानकारी बनाउनु पर्दछ । बार्षिक कार्यक्रमका अनुसार विद्यालय सुधार योजनामा उल्लेखित कार्यक्रमलाई पनी समावेश गराउनु पर्दछ । शिक्षकले पढाउने कार्यमा प्राथमिकता दिनु पर्दछ । प्रधानाध्यापक विद्यालय सुधार योजना कार्यान्वयनका लागि बढि क्रियाशिल हुनुपर्दछ । शिक्षक र विद्यार्थीबीच सहकार्य हुनु पर्दछ । स्थानिय समुदायले पनी विद्यालयलाई सहयोग गर्नुपर्दछ । विद्यालयको सुधारका लागि सरकारले बजेटको व्यवस्था गर्नुपर्दछ भन्ने उपायहरु बताएको पाइयो ।

अध्ययन क्षेत्रमा पुगेर विद्यालय सुधार योजना निर्माण र कार्यान्वयनमा देखापरेका समस्या समाधान गर्ने उपाय सम्बन्धमा शोधकर्ताको अनुभव यहाँ प्रस्तुत गरिएको छ । विद्यालय सुधार योजना निर्माणका लागि नगर शिक्षा कार्यालयबाट दिने अभिमूखिकरणमा सहभागी भएर ज्ञान, सीप लिनुपर्दछ । विद्यालय सुधार योजना निर्माणका लागि विद्यालयसँग सम्बन्धित शिक्षक, अभिभावक, विद्यार्थी, वि.व्य.स., शि.अ.सं., संघसंस्था बीच बृहत छलफल तथा अन्तरक्रिया गरिनु पर्छ । विद्यालय सुधार योजना निर्माणका लागि चाहिने पूर्वाधार खडा गर्न वि.व्य.सं, शि.अ.सं. स्टाफ बैठकमा निर्णय गर्नुपर्दछ । आवश्यक स्टेशनरी र खाजाको व्यवस्था गर्नु आवश्यक हुन्छ । विद्यालय सुधार योजना निर्माणमा बैठक भेलामा अन्तिम निष्कर्ष ननिस्केसम्म उपस्थित सबैलाई सहभागी गराई रहन विद्यालय तर्फबाट उत्प्रेरित गराइरहनु पर्दछ । प्रत्येक वर्ष विद्यालय सुधार योजना अनुसार सम्पन्न गर्नुपर्ने कार्यक्रमलाई कार्यालयमा प्रस्तुत् गरिनु पर्छ । विद्यालय सुधार योजना कार्यान्वयनको लागि सरोकारवाला बीच जिम्मेवारी बाँडफाँड गर्नुपर्छ । अन्तर विद्यालय भ्रमणको व्यवस्था गरिनु पर्छ । विद्यार्थीलाई विद्यालय सुधार योजना

ISSN : 2773-790X JOURNAL OF GURUBABA VOL. 7 NO.1 NOVEMBER 2025

कार्यान्वयनमा सरिका गराउनु पर्छ । विद्यालयले बेलाबखतमा स्थानिय समुदायसँग मिलेर सामाजिक क्रियाकलापमा सहभागिता जुटाउनु पर्दछ । निरन्तर रुपमा अनुगमन तथा मूल्याङ्कन गरिनु पर्दछ । भौतिक, आर्थिक, शैक्षिक, व्यवस्थापकीय पक्षमा प्राथमिकीकरण गरी सुधार गर्न सरकारी तथा गैरसरकारी संस्थाहरुसँग सहयोगको लागि प्रस्तावसहित प्रस्तुत हुनुपर्दछ ।

विद्यालय सुधार योजना निर्माण र कार्यान्वयनमा सरोकारवालाको अनिवार्य सहभागिता आवश्यक हुन्छ । सरोकारवालाको सहभागिता भएन भने स्तरीय योजना निर्माण हुन सक्दैन । त्यस्तै कार्यान्वयन पनि अधुरै रहन्छ । स्तरीय योजना निर्माण गर्न र पूर्ण रुपमा कार्यान्वयन गर्नको लागि सरोकारवालाको सहभागिता आवश्यक हुन्छ । स्थानीय समुदायको चाहना अनुसार गुणस्तरीय, उद्देश्यमूलक र भूगोलको आधारमा योजना निर्माण गरी कार्यान्वयनमा पनि सरोकारवालाहरुलाई सहभागी गराउनु पर्दछ ।

## निष्कर्ष

विद्यालयको सर्वाङ्गिण पक्षको विकासको लागि एवम् विद्यालयको सुसंचालनको लागि विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ तथा प्रधानाध्यापकको जिम्मेवारी, जवाफदेहिता, निष्पक्षता, प्रभावकारीता र सहभागिता आवश्यक पर्दछ । योजनाका आधारमा विद्यालय अगाडि बढेमा विद्यालयको भौतिक, आर्थिक, शैक्षिक, सामाजिक, प्रशासनिक तथा व्यवस्थापकीय पक्षमा सकारात्मक प्रभाव पर्दछ । विद्यालय सुधार योजनालाई शिक्षाका राष्ट्रिय उद्देश्य परिपूर्तिको लागि विद्यालयलाई योजनाबद्ध ढागले संचालन गर्ने अभ्यासको रुपमा लिएको पाइन्छ । विद्यालय सुधार योजना निर्माणमा शिक्षाका सरोकारवाला वि.व्य.सं., शि.अ.सं., प्रधानाध्यापक, शिक्षक अभिभावक सबै सहभागी भएर क्रियाशील भएको पाइन्छ । विद्यालय आफ्नो वर्तमान स्थिति सुधार गर्न प्रभावकारी विद्यालय सुधार योजना निर्माणगरी कार्यान्वयन गर्न इच्छुक देखिन्छ । शिक्षामा गुणस्तर वृद्धिका लागि आवश्यक क्रियाकलाप संचालन गर्न आवश्यक छलफल, तथा विश्लेषण स्थानीय समुदायले जोड दिएको पाइन्छ । विद्यालय सुधार योजना कार्यान्वयनमा बढी रुपमा माथिल्लो निकायबाट सहयोगको अपेक्षा गरेको पाइन्छ । समुदायमा रहेका राजनैतिका दलका प्रतिनिधि, समाजसेवी, शिक्षाप्रेमी, सरोकारवालाहरुबाट अपेक्षाकृत समर्थन सहयोग गरेको देखिएन । विद्यालय सुधार योजना कार्यान्वयनको लागि वि.व्य.स.को नियमित बैठक बस्ने गरको देखिएन । विद्यालय सुधार योजना निर्माण र कार्यान्वयनका लागि सरोकारवाला एवम् स्थानीय निकायलाई सक्षम र दक्ष बनाउन समय सापेक्ष तालिमको आवश्यकता देखिन्छ । एडबार्ड डेकिङ्गको सम्पूर्ण गुणस्तरीय व्यवस्थापनको सिद्धान्त अनुसार विद्यालयमा विद्यमान सम्पूर्ण पक्षहरु शैक्षिक, सामाजिक, प्रशासकीय, व्यवस्थापकीय तथा राजनैतिक पक्षलाई एकीकृत रुपमा प्रयोग गरेको क्रमैमात्रामा पाइन्छ । विद्यालय सुधार योजना निर्माण गर्दा सामाजिका माग उपागमको पूर्ण रुपमा उपयोग नभएको

ISSN : 2773-790X JOURNAL OF GURUBABA VOL. 7 NO.1 NOVEMBER 2025

देखिन्छ । आधारभूत प्राथमिक शिक्षा परियोजना दोस्रो कार्यान्वयन गर्ने क्रममा विद्यालय सुधार योजनाको प्रावधान राखेको भएता पनि उक्त परियोजनाले स्थानमा आधारित व्यवस्थापनको अवधारणालाई उपयोग नगरेको देखिन्छ । विद्यार्थीहरुमा पनि विद्यालयले ल्याउने योजना तथा क्रियाकलापप्रति उत्सुकता र रुची बढेको देखिन्छ । अधिकांश विद्यालयले शैक्षिक सुधारभन्दा भौतिक सुधारका दिशामा आफ्ना योजनालाई केन्द्रित गरेको छ । अधिकांश विद्यालयहरुमा प्रधानाध्यापकको नेतृत्वशैली प्रजातान्त्रिकको सट्टा परम्परागत देखिन्छ । विद्यालय सुधार योजना यथार्थपरक र वस्तुनिष्ठ नभएको पाइयो । विद्यालय र स्थानीय समुदाय बीच सूचना सम्प्रेषणको अभावको कारणले सुमधुर सम्बन्ध स्थापित नहुादा विद्यालय सुधार योजना कार्यान्वयनमा समस्या देखिन्छ । सबै विद्यालयहरुमा आर्थिक समस्या नै प्रमुख समस्याको रुपमा देखिन्छ । विद्यालय सुधार योजना कार्यक्रमको शुरुवातका वर्षमा केहि आर्थिक सहायता गरेपनि चालु आर्थिक वर्षमा विद्यालय सुधार योजना कार्यान्वयनका लागि कुनै बजेट विद्यालयलाई प्राप्त नभएको देखिन्छ । विद्यालयमा विद्यालय सुधार योजना कार्यान्वयन गर्न थालेपछि अभिभावकमा पनि विद्यालयप्रति सकारात्मक भावना जागेको पाइन्छ । शिक्षामा सुक्ष्म योजना अन्तर्गत विद्यालय सुधार योजना, शिक्षा योजनालाई लिइन्छ तर विद्यालय सुधार योजना विद्यालयले निर्माण गरेको हुन् । विद्यालय सुधार योजना निर्माण कार्यलाई विद्यालयमा अनिवार्य गरिएता पनि विद्यालयमा सो अवस्था देखिएन । निरीक्षण, सुपरिवेक्षण र अनुगमनबाट प्राप्त भएका सुझावहरुलाई कार्यान्वयन गर्ने कार्यमा कम पहल भएको देखिन्छ ।

## सन्दर्भसूची

कुँवर, पुष्पलता, श्रेष्ठ, चन्द्रबहादुर र अन्य (२०६३), *शैक्षिक प्रशासन,* काठमाडौं : विद्यार्थी प्रकाशन

कोइराला, विद्यानाथ (२०६४), *विद्यालय सुधार योजना कति निरन्तर, कति अन्यौल,* ललितपुर : जगदम्बा प्रेस ।

अर्याल, बैकुण्ठप्रसाद (२०६७), *शैक्षिक विकासका विविध पक्षहरु,* काठमाडौं : मकालु प्रकाशन ।

बराल, खगराज (२०६७), *शिक्षा व्यवस्थपनका नवीन आयाम,* काठमाडौं : मकालु प्रकाशन ।

उच्चस्तरीय शिक्षा आयोगको प्रतिवेदन (२०५५), नेपाल सरकार, शिक्षा मन्त्रालय ।

राउत, कृष्णबहादुर (२०६८), *नेपालमा योजनाबद्ध विकासको प्रयास एक सिंहावलोकन,* सोपान मासिक, वर्ष ८, अंक ३, पूर्णाङ ८७, काठमाडौं : मकालु प्रकाशन ।

सिंह, नागेश्वर (२०६८), *शैक्षिक योजना, काठमाडौं :* पैरवी प्रकाशन ।